नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सूचना प्रविधि तथा तथ्याङ्क शाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:- ०८२/८३
चलानी नं.:- ५५

मिति: २०८३।०१।०४
नेपाल सम्वत: ११४६ चौलागा, आमै

श्री रोजगार सेवा केन्द्र, स्थानीय तह सबै।

विषय: श्रम संसार प्रणालीमा आवद्ध गराउने सम्बन्धमा।

प्रस्तुत विषयमा सार्वजनिक सेवा प्रवाहमा डिजिटलाईजेसन गर्ने उद्देश्यले मन्त्रालय मातहत रहेका सम्पूर्ण डिजिटल प्रणालीहरुलाई 'श्रम संसार' मार्फत एकीकृत गरी एकद्वार प्रणालीबाट सञ्चालन गर्नुपर्ने भएकाले श्रम र रोजगारसँग सम्बन्धित सरोकारवालाहरूलाई उक्त प्रणालीमा आवद्ध गर्न तहाँ स्थानीय तहमा रहेका सम्पूर्ण रोजगार खोजकर्ता, निजी क्षेत्र/रोजगारदाता, जब एजेन्सी तथा तालिम प्रदायकलाई श्रम संसारमा दर्ता गर्न आहान गर्ने र श्रम तथा रोजगार सम्वन्धी सूचना, रोजगारी तथा तालिमका अवसरहरु श्रम संसार मार्फत अनिवार्य प्रकाशन गर्ने व्यवस्था ७(सात) दिन भित्र मिलाउनुहुन आदेशानुसार अनुरोध छ।

२०८३।०१।०४

उत्तम शर्मा
शाखा अधिकृत

कोहलपुर नगरपालिका
दर्ता नं ९३८८
मिति २०८३।१।६
सही

रोजगार

कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

5MXQ+5CJ Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८२/०८३(रोजगार सेवा केन्द्र)

च.नं.: २२६४

मिति :२०८३/०१/०७

## श्रम संसार प्रणालीमा आबद्ध हुने सम्बन्धी सूचना।

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा सार्वजनिक सेवा प्रवाहमा डिजिटलाईजेसन गर्ने उद्देश्यले सम्पूर्ण डिजिटल प्रणालीहरुलाई "श्रम संसार" मार्फत एकीकृत गरी एकद्वार प्रणालीबाट संचालन गर्नुपर्ने भएकाले कोहलपुर नगरपालिका क्षेत्र भित्रका श्रम र रोजगार संग सम्बन्धीत सम्पूर्ण **रोजगार खोजकर्ता, निजी क्षेत्र/रोजगारदाता, जव एजेन्सी तथा तालिम प्रदायक संस्थाहरुले** सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र श्रम संसार प्रणालीमा आबद्ध भई श्रम तथा रोजगार सम्बन्धी सूचनाहरु, रोजगारी तथा तालिमका अवसरहरु श्रम संसार प्रणाली मार्फत अनिवार्य प्रकाशन गर्ने व्यबस्था मिलाउनु हुन तथा सो को जानकारी कोहलपुर नगरपालिकाको रोजगार सेवा केन्द्रमा गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ।

श्रम संसार प्रणालीमा आबद्ध हुन श्रम संसारको वेबसाइट: shramsansar.gov.np वा मोवाइलमा Play Store/ App Store मार्फत डाउनलोड गर्न सकिनेछ।

**श्रम संसार वेबसाइट**

**श्रम संसार Mobile APP**

थप जानकारीका लागि यस नगरपालिकाको रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिनेछ।

मान बहादुर गिरी

प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर गिरि

प्रमुख प्रशासकिय अधिकृत

info@kohalpurmun.gov.np, esc@kohalpurmun.gov.np

+९७७-०८१-५४०००९

www.kohalpurmun.gov.np

www.facebook.com/kohalpurmun

www.twitter.com/kohalpurmun